## लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - २, (आ.व. २०८२/०८३)

आज मिति २०८२/०६/३० गते बिहीवार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री प्रमोद भट्टराई – सूचना प्रविधि अधिकृत
श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी
श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: २**

**क. मिति: २०८२/०६/३० गते शुक्रवार**

**ख. विहान: ११:०० बजे**

---

**क) प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा।

२. विभिन्न परिपत्र सम्बन्धमा।

३. मौलो पूजा सहयोग सम्बन्धमा।

४. एम्बुलेन्सको आय यकिन सम्बन्धमा।

५. निष्कृय खातामा रहेको सामाजिक सुरक्षा रकम फिर्ता सम्बन्धमा।

६. विविध समसामयिक विषयमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल एवं समीक्षा गर्दा, विभिन्न निकायबाट प्राप्त भएका परिपत्रहरूमा समावेश निर्देशन, मार्गनिर्देशन तथा सुझावहरूलाई आगमी दिनमा कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा विजयादशमी २०८२ को लागि देहाय बमोजिमको सुरक्षा चौकीमा मौलो पुजा खर्च, आर्थिक वर्ष ०८२/८३ को विविध खर्च शीर्षकबाट उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | सुरक्षा चौकी | रकम रु. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बेस, घोराखोरी | १५,०००\|०० |
| २. | प्रहरी चौकी, यसम | २०,०००\|०० |
| ३. | प्रहरी चौकी, गाम्नाङ्टार | २०,०००\|०० |
| ४. | प्रहरी चौकी, साँघुटार | १५,०००\|०० |
| ५. | प्रहरी चौकी, सिरिसे | १५,०००\|०० |
| ६. | ईलाका प्रहरी कार्यालय,खिजि फलाटे | १५,०००\|०० |
| ७. | पालिका प्रहरी, यसम | २०,०००\|०० |
| | **जम्मा** | **१२०,०००\|००** |

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाबाट सञ्चालित एम्बुलेन्सको नगदी रसिद पानीमा भिजेको भनी एम्बुलेन्स चालकले कार्यालयमा भिजेको अवस्थामा नगदी रसिद पेश गरेकोमा महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण हुने क्रममा सोही अवस्थामा पेश भएकोमा लेखापरीक्षणको क्रममा समेत छानविन गर्न निर्देश भएअनुसार एम्बुलेन्सको वार्षिक आय तथा व्यय यकिन गरी १५ दिन भित्र कार्यालयमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो।

**देहायः**

१. वडाध्यक्ष, केशवहरी ढुङ्गेल – संयोजक
२. वडाध्यक्ष, मोहन कार्की – सदस्य
३. कार्यपालिका सदस्य, अम्विका विश्वकर्मा– सदस्य
४. लेखा अधिकृत, बलराम फुयल – सदस्य
५. आन्तरिक लेखापरीक्षक अधिकृत, पेशल दाहाल – सदस्य

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको लाभग्राहीको निष्क्रिय खातामा रहेको सामाजिक सुरक्षा भत्ता रकम फिर्ता गर्ने सम्वन्धी परिपत्र रहेको तथा लिखु गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण सेवा प्रदायक संस्था नेपाल एस. बि. आई. बैंकमा रहेका ३२ वटा खाता निलम्वित वा निष्कृय रहेकोले मिति २०८२/०५/२५ गते भित्रमा सम्वन्धित लाभग्राहीहरुले बैंक खाता अद्यावधिक गरी जम्मा भएको रकम बुझिलिनको लागि मिति २०८२/०५/१३ गते सूचना प्रकाशन गरिसकिएकोले हालसम्म पनि KYC update नगरेका लाभग्राहीहरुको नाममा रहेको उक्त रकम लेखापरीक्षणको क्रममा बेरुजुको रुपमा देखाएको हुनाले उक्त खातामा रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

(क) लिखु गाउँपालिकामा सञ्चालित आधारभुत अस्पतालमा प्रदेश सरकारबाट कामकाजको लागि खटिएका मेडिकल अधिकृतलाई पालिकामा हाजिर भएको मितिदेखि नै लागु हुने गरी गाउँपालिकाको स्रोतबाट नेपाल सरकारको आठौँ तहलाई तोकिएको आधारभूत तलबको १०० प्रतिशत अतिरिक्त सेवासुविधा प्रदान गर्ने।

(ख) लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने।